# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १४४/२०७३/०७४

निर्णय नं. २३

जिल्ला पाँचथर, गा. वि. स. थर्पू, हाल कोटेश्वर, काठमाडौं बस्ने छविलाल कोइराला ..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख (महा निर्देशक), पुरातत्व विभाग, काठमाडौं ..........................................१ विपक्षी

सूचना अधिकारी, पुरातत्व विभाग, काठमाडौं ..............................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला पाँचथर, गा. वि. स. थर्पू, हाल कोटेश्वर, काठमाडौं बस्ने छबिलाल कोइरालाले पुरातत्व विभाग, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०४।१६ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी पुरातत्व विभाग, काठमाडौंको कार्यालय प्रमुख (महा निर्देशक) र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

वैशाख २७ गते गोरखापत्रमा विज्ञापन गरी जेठ १३ र १४ गते लिइएको भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरुको संरक्षण र पुनर्निमाण कार्यका लागि सामाजिक परिचालक अधिकृत (रा. प. तृ. वा सो सरह) एक बर्षे करार सेवामा २४ जना समाजशास्त्र बिषयका उम्मेदवार मध्येबाट मौखिक अन्तर्बार्ताबाट छनौट गरिएका ३ जना महिला र १ जना पुरुष के आधारमा छानिएका हुन् ? बाँकी सबै २४ जना कसरी बैकल्पिकमा राखिएको हो सोको पूर्ण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भाद्र १५ गते रोज ४ शुभम् ।